प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ७७ ॥ २०८२ वैशाख ११ गते बिहिबार (24th Apr 2025 Thursday) | Pratidin National Daily | मूल्य-रु.५/-

# आतंकवादी आक्रमणमा सुदीपसहित २७ जनाको मृत्यु

झापा(प्रस) । भारतको जम्मु-कश्मीरस्थित पहलगाममा मंगलबार भएको आक्रमणमा सुदीप न्यौपानेको मृत्यु भएको छ । बुटवल उपमहानगरपालिका-१४ का २७ वर्षीय न्यौपानेको जम्मू-कश्मीरको पहलगाममा मंगलबार आतंककारीले गरेको आक्रमणमा मृत्यु भएको थियो ।

उनको शव नेपाल ल्याउने प्रक्रिया सुरू भएको छ । नयाँदिल्लीस्थित नेपाली दूतावासका अनुसार उनको शव दिल्ली-लखनऊ हुँदै बुटवल ल्याइने भएको हो ।



आतंकवादी आक्रमणमा सुदीपसहित २७ जनाको ज्यान गएको छ । मारिनेमध्ये संयुक्त अरब इमिरेट्सका एक नागरिकसँगै भारतीय राज्य उत्तरप्रदेश, गुजरात, महाराष्ट्र, कर्नाटक, तमिलनाडू र ओडिसका पर्यटक छन् । जम्मू-कश्मीरमा सन् २०१९ को पुलवामा आक्रमणपछि यो सबैभन्दा ठूलो आक्रमण हो । त्यसबेला सीआरपीएफका ४० जवान मारिएका थिए । पहलगाम आक्रमणपछि भारतका अन्य सहरहरूमा पनि उच्च सतर्कता अपनाइएको छ ।

भारतीय अधिकारीहरूले जम्मु-कश्मीरको पहलगाममा पर्यटकमाथि आक्रमण गर्ने तीन संदिग्धको पहिचान गरेका छन् । भारतीय अधिकारीले घटनामा बाँच्न सफल भएकाको सहयोगमा तीन संदिग्धको स्केचसमेत तयार पारेका छन् ।

आक्रमणकारीहरू आसिफ फौजी, सुलेमान शाह र अबु तल्हा भएको अधिकारीहरूलाई उद्धृत गर्दै पीटीआई समाचार संस्थाले जनाएको छ । पीटीआईका अनुसार उनीहरूको उपनाम मुसा, युनुस र आसिफ हो । भारतीय सञ्चार माध्यमहरूका अनुसार आतंकवादीले पर्यटकरूको नाम सोधेपछि गोली प्रहार गरेका थिए ।उत्तर प्रदेशका सुभम द्विवेदीसँग आक्रमणकारीले नाम सोधेको र पछि गोली प्रहार गरेको बताइएको छ । त्यसपछि भने अन्य पर्यटकमाथि पनि गोली हानिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

आक्रमणकारीहरू जम्मूको किश्तवाडबाट सीमा पार गरेर दक्षिण कश्मीरको कोकरनाग हुँदै बैसरन पुगेको बताइएको छ । भारतीय अधिकारीहरूका अनुसार उनीहरूको खोजी कार्य तीव्र पारिएको छ । आक्रमणको जिम्मेवारी प्रतिबन्धित पाकिस्तानी विद्रोही समूह लश्कर-ए-तैयबा (एलईटी) को छायाँ संगठन रेजिस्टेन्स फ्रन्ट (टीआरएफ) ले जिम्मेवारी लिएको छ ।

आक्रमणपछि भारतीय केन्द्रीय गृहमन्त्री अमित शाहले घटनास्थलको अवलोकन गरेका छन् । मंगलबार नै कश्मीरको सबैभन्दा ठूलो सहर श्रीनगर पुगेका शाहले सुरक्षा अवस्थाबारे आपत्कालीन बैठक राखेका थिए । साउदी अरबमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदी पनि भ्रमण छोट्याएर बुधबार बिहानै भारत फर्केका छन् । मोदीले सामाजिक सञ्जाल 'एक्स'मा हमलाको कडा शब्दमा निन्दा गरेका छन् । 'आतंकवादविरुद्ध हाम्रो अठोट डगमगाउँदैन र यो अझै बलियो हुन्छ,' उनले लेखेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लियनसहितका विश्व नेताहरूले घटनाको भर्त्सना गरेका छन् ।

# रेडियोकर्मी शिरो सान्दाई भन्छन् –'कार्यक्रम छ रेडियो छैन

**• लक्ष्मी उप्रेती**

विर्तामोड । प्रेस चौतारी नेपाल झापा शाखाले हरेक तीन /तीन महिनामा आयोजना गर्ने 'अग्रजलाई सुनौ 'श्रृंखलाको पहिलो खण्डमा बुधबार देखा परे कुशल रेडियो कार्यक्रम प्रस्तोता शिरोमणि खतिवडा (शिरो सान्दाई) ।

उनी लामो समय मेची बहुमुखी क्याम्पसमा प्राध्यापन पेशामा आवद्ध रहे । उनले पढाएका थुप्रै विद्यार्थीहरु कोही डाक्टर भए त कोही पाइलट, कुशल उद्यमी त कोही राष्ट्रसेवक कर्मचारी । उनकै भनाईमा प्रायः सवै कुनै न कुनै पेशामा आवद्ध छन् । त्यति मात्र होइन, विर्तामोडको एउटा भीडमा उसवेलाको जीविका इन्टरप्राइजेज निक्कै नाम चलेको पुस्तक पसल थियो । थुप्रैको बस्ने चौतारो मात्र थिएन जीविका, त्यसैको एउटा सानो कोठाबाट थुप्रैको लगनगाँठो कस्ने काम समेत गरे । न्वारानको नाम उनको शिरोमणि खतिवडा । सवैले चिन्ने र हरेकको जिब्रोमा झुन्डिएको प्यारो नाम चाँहि शिरो सान्दाई । उनी शिरो सान्दाईका नामले नै बढी चर्चित छन् । उमेरले साढे तीनकोरी ३ वर्ष पुगेका अग्रज शान्दाईले सहभागीलाई नाति पुस्ता भन्दैं तिमी भनेरै सम्बोधन गरे ।

यी दुईवटा पेशाबाट समाजसँग जति छिटो चिनिए उनी, त्योभन्दा छिट्टै चिनिए विर्तामोडबाट प्रशारणमा रहेको उसवेलाको रेडियो कञ्चनजंघा एफएमको लोकप्रिय कार्यक्रम समवेदनाबाट । खतिवडा समवेदना कार्यक्रमका प्रस्तोता थिए । यहि कार्यक्रमले उनलाई स्वदेशमा मात्र होइन, विदेशमा समेत थुप्रैले चिन्छन् । उनै प्रतिभाशाली व्यक्तित्व खतिवडा चौतारीमा आइपुगे र करिव ५० मिनेट आफ्नो विगत सुनाए । 'प्रेस चौतारीको औपचारिक कार्यक्रममा पहिलो पटक सहभागी भएको छु ।'

उनले कुरोको चुरो खोल्दैं कहिले ठट्यौली त कहिले निक्कै भावुक मुद्रामा आफ्नो विगतदेखि बर्तमानसम्म सुनाए । आयोजकले उनलाई ५० मिनेटको समय प्रदान गरेको थियो । निर्धारित समयभित्रै उनले आफ्नो सवै कैरन कहे । बेला बेला उनी आफूलाई पत्रकार भन्न चाँहि नपरेपनि हुन्थ्यो भन्ने भाव दिन्थे । तर, रेडियो कार्यक्रम समवेदना प्रस्तोता भन्दा निक्कै गर्व गर्दा रहेछन् खतिवडा । तीन दशक प्राध्यापन पेशामा सक्रिय खतिवडाले पत्रकारितासँगको आफ्नो सम्बन्ध, समवेदना कार्यक्रमदेखि सञ्चालनका स्मरणहरु सुनाउन भ्याए ।

समवेदना कार्यक्रमको प्रस्तोताका रुपमा पहिचान बनाउन सफल उनले डेढ दशकबढी उक्त कार्यक्रम सञ्चालन गरेका रहेछन् । बिबिसीले समेत विश्वमै फरक किसिमको कार्यक्रम (समवेदना) सञ्चालन गरेको भन्दै खोजमुलक समाचार प्रकाशन गरेको अनुभव सुनाउन पाउँदा उनी निक्कै खुशी देखिन्थे । जीवित मान्छेहरुको समेत निधन भएको खवर समवेदनामार्फत प्रशारण भएका घटना र त्यसपछि आइपरेका समस्याहरुको बारेमा समेत जानकारी गराउँदा अहिलेको पुस्ता भने भरपर्दो समाचार स्रोत चाहिने रहेछ भन्दैं हल्कारुपमा खासखुस गर्दथे । खतिवडाले ती घटनाहरुका कारण सूचनाको जाँच गर्नुपर्ने कुरामा आफू सचेत भएको स्पष्ट पारे । 'मृत्यु र विभिन्न संवेदनशील विषयमा पत्रकार वा कसैले मजाक गर्न नहुने सन्देश पनि दिए उनले । यस्ता विषयमा सचेत रहन, सत्य र तथ्य कुरालाई छुट्याएर मात्र प्रकाशन तथा प्रशारण गर्न अर्ति दिदैं उनले भने–' यो नै पत्रकारिताको धर्म हो ।' उनको यो सम्बोधन बडो मीठो सुनिन थियो । धेरै नयाँ पुस्ता त उनलाई प्रत्यक्ष हेर्नकै लागि पनि कार्यक्रममा आएका रहेछन् ।

उनले आफू प्राध्यापक भएर भन्दा पनि एउटा पत्रकारकै परिचयले धेरैले चिन्ने गरेको भन्न समेत भ्याए । ' मलाई पत्रकार भन्न मिल्छ कि मिल्दैंन थाहा छैन ' उनले उसवेलाको कैरन यसरी बके – 'झम्पल र संकेत भन्ने कितावमा थुप्रै लेख लेखे वा

# करेन्ट लागेर तीनजनाको मृत्यु ,दुईजना घाइते

झापा(प्रस)। मोरङ र सुनसरीमा करेन्ट लागेर तीनजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् । बुधवार दिउँसो अन्दाजी ४.१० बजे मोरङ सुन्दरहरैचा- ९ चाँदनी पेट्रोल पम्पनजिक बिजुलीको पोलमा चढेर टेकमाईन इन्टरनेटको तार सिफ्टिङ गर्ने क्रममा करेन्ट लागेर एकजनाको मृत्यु भएको छ भने अर्का गंभीर घाइते भएका छन् ।

इलाम चुलाचुली ३ बस्ने २८ वर्षीय राजेश लावतीलाई उपचारका लागि नोबेल अस्पताल



बिराटनगर पठाइएकोमा दिउँसो ४:४५ बजे चिकित्सकले मृत घोषणा गरेका थिए । त्यस्तै सुनसरी इटहरी १७ बस्ने ४३ वर्षीय बालकुमार अधिकारी गंभीर घाइते भएका छन् । उनलाई नोबल अस्पतालबाट आर्या न्युरो अस्पताल बिराटनगर रेफर गरिएको छ ।

त्यस्तै बुधवार दिउँसो २;३० बजे भारत बिहार जोगवनी टिकुलिया घर भई हाल बिराटनगर १५ भटिमोडस्थित ससुराली घरमा बस्दै आएका ३६ वर्षीय सुरेश चौधरीको करेन्ट लागेर मृत्यु भएको छ । कोठामा सुतिरहेको अवस्थामा बेडनजिकै राखेको टेवल पंखाबाट अचानक करेन्ट लागेर उनी घाइते भएका थिए । कोशी अस्पताल बिराटनगरमा उपचारका क्रममा दिउँसो ३.४५ बजे उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

त्यस्तै सुनसरीमा करेन्ट लागेर एकजना महिलाको मृत्यु भएको छ । मंगलवार साँझ ६;१० बजे बर्जु गाउँपालिका ६ चिमडी बस्ने रामकुमार मेहताकी श्रीमती २८वर्षीया रेखा मेहतालाई घर सरसफाई गर्ने क्रममा करेन्ट लागेको थियो । घाइतेलाई अस्पताल पुर्याउनसाथ डाक्टरले चेकजाँच गर्दा उनको मृत्यु भइसकेको थियो । त्यस्तै बुधवार साँझ सुनसरीको बराहक्षेत्रमा मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेर एक बालिका गंभीर घाइते भएकी छन् । बराहक्षेत्र-१ खारखोला बस्ने गंगा खत्री श्रेष्ठका छोरी १२ वर्षीया सुस्मिता श्रेष्ठलाई आफनै घरमा मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेको हो । घाइतेलाई स्थानीय अस्पताल चतरामा सामान्य उपचारपश्चात् थप उपचारको लागि बिपी कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरान रेफर गरिएको प्रहरीले जनाएको छ ।

# पाथिभरा इन्जिनियरिङ कलेजका विद्यार्थीद्वारा रिले अनशन



झापा(प्रस)। बिर्तामोड बसपार्कमा रहेको पाथिभरा इन्जिनियरिङ कलेजका विद्यार्थीहरुले रिले अनशन शुरु गरेका छन् ।

क्याम्पस प्रशासनले दुईजना विद्यार्थीलाई निष्काशन गरेपछि उनीहरु आन्दोलित भएका हुन् । क्याम्पस प्रशासनले सप्तरी घर भएका लालु यादब र ताप्लेजुङ घर भएका धिरेन्द्र अधिकारीलाई लालु यादब र धिरेन्द्र अधिकारीलाई ७ दिन सम्मको लागि निष्काशन गरेको हो । यादब र अधिकारीले कम्प्युटर इन्जिनियरिङ र सिभिल इन्जिनियरिङमा पढाई राम्रो नभएको, प्राबिधिक कुरामा कमिकमजोरी भएको भन्दै त्यसको व्यवस्थापन गर्न माग राखेका थिए । क्याम्पस प्रशासनले उक्त माग सम्बोधन गर्न बैशाख ५ गते अभिभावकसहितको बैठक राखेको थियो । माग संबोधन गर्नुको साटो क्याम्पस प्रशासनले यादब र अधिकारीलाई निष्कासन गरेको विद्यार्थीहरुले बताएका छन् । बुधवार बिहान ११:३० बजेदेखि अर्जुनधारा -११ स्थित पाथिभरा इन्जिनियरिङ कलेज (पाथीभरा सेन्टर फर एड्भान्स स्टडी) मा उनीहरुले रिले अनशन शुरु गरेका हुन् । बैशाख ९ गते क्याम्पसका संचालक युवराज प्रसाईं र क्याम्पसका सीइओ अनुज पराजुलीले बिद्यार्थीहरुलाई अभद्र ब्यवहार र धम्कीपूर्ण भाषा प्रयोग गरेकोमा क्याम्पस प्रशासनले विद्यार्थीहरुको माग सम्बोधन गरि माफी माग्नु पर्ने भन्दै क्याम्पसको गेट अगाडि रिले अनशन जारी राखेका छन् । अनशनस्थलमा नेपाल विद्यार्थी संघ झापाका सभापति संजय निरौलाको नेतृत्वमा करिब १० जना विद्यार्थीहरु आई आन्दोलनप्रति पूर्ण समर्थन जनाएका छन् ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ – हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ – छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ – मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ – नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ – कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ – छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ – बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ – मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ – बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ – मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ – पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ – नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ – मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# नेपाल–भारत अन्तरदेशीय प्रसारण लाइन बन्ने

झापा(प्रस) । नेपाल र भारतबिच विद्युत् आदानप्रदानका लागि अत्यावश्यक रहँदै आएका दुई प्रसारण लाइन निर्माण गर्न संयुक्त कम्पनी स्थापनाका लागि मङ्गलबार हस्ताक्षर भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र भारतका विद्युत् र आवास तथा सहरी मामिलामन्त्री मनोहरलाल खट्टरको उपस्थितिमा नेपाल केभीको इनरुवा-न्यु पूर्णिया र दोदोधरा-बरेली प्रसारण लाइन निर्माण गर्न संयुक्त कम्पनी स्थापनासम्बन्धी काम गर्ने सहमति भएको थियो । सोही सहमति अनुसार दुई प्रसारण लाइन निर्माण गर्न नेपालतर्फ स्थापना हुने संयुक्त कम्पनीमा नेपालको ५१ प्रतिशत र भारततर्फ स्थापना हुने कम्पनीमा भारतको ५१ प्रतिशत सेयर स्वामित्व रहने




विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कम्पनी लिमिटेडबिच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । ऊर्जामन्त्री खड्काको निमन्त्रणामा दुईदिने भ्रमणका लागि खट्टरसहितको प्रतिनिधिमण्डल नेपाल भ्रमणमा आएका छन् । सम्झौतापत्रमा नेपाल विद्युत् प्राधिकरणका निर्देशक कमल आचार्य र पावर ग्रिड लिमिटेड भारतका निर्देशक डा. यतिन्द्र द्विवेदीले संयुक्त हस्ताक्षर गरेका छन् ।

गत माघ ३० गते भारतको नयाँदिल्लीमा सम्पन्न नेपाल-भारत सचिवस्तरीय संयुक्त निर्देशक समितिको १२ औं बैठकमा ४०० व्यवस्था गरिएको छ । बाँकी ४९ प्रतिशत अर्को देशको रहने छ । इनरुवा-न्यु पूर्णियाको लम्बाइ नेपालतर्फ करिब २५ किलोमिटर र भारततर्फ १०० किलोमिटर छ भने दोदोधरा-बरेली प्रसारण लाइनको नेपालतर्फ करिब ३५ किलोमिटर र भारततर्फ १५० किलोमिटर रहेको छ । कार्यक्रममा ऊर्जामन्त्री खड्काले दुई देशको ऊर्जा विकासमा यो सम्झौता महत्वपूर्ण भएको बताए । उनले यी दुई प्रसारण लाइन केवल संरचना नभई आपसी विश्वास र दिगो विकासतर्फको साझा यात्रा भएको टिप्पणी गरे ।

# कोशी राजमार्गको भोटखोला खण्ड अवरुद्ध



झापा(प्रस)।कोशी राजमार्गअन्तर्गत सङ्खुवासभाको भोटखोला खण्ड पहिरोले अवरुद्ध भएको छ ।

बुधवार बिहान मकालु गाउँपालिका-३ आलफाट्टेमा पहिरो खसेपछि सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालयका निमित्त प्रमुख रामकुमार लामिछानेले जानकारी दिए ।

मङ्गलबार रातभर वर्षा भएपछि एकुवा खोलामा आएको बाढीले कटान गर्दा पहिरो खसेको हो । उनका अनुसार पहिरो पन्छाएर सडक खुलाउने प्रयास जारी छ ।

# वैकल्पिक वित्त कोष स्थापना गर्ने विधेयक दर्ता




झापा(प्रस) ।पूर्वाधार क्षेत्रमा लगानी परिचालन गर्न रु. एक खर्ब बराबरको अधिकृत पुँजी र रु. २५ अर्बको चुक्ता पुँजी रहने गरी वैकल्पिक विकास वित्त कोष स्थापना गर्न विधेयक संसद्मा दर्ता भएको छ ।

मुलुकको समग्र आर्थिक समुन्नति र विकासका लागि आवश्यक स्रोत व्यवस्था गरी उच्च प्रतिफलयुक्त दिगो पूर्वाधारलगायतका क्षेत्रको विकास गर्न अर्थ मन्त्रालयले वैकल्पिक विकास वित्त परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०८२ संसद्मा दर्ता गरेको हो ।

पूर्वाधार परियोजनाको पहिचान, प्राथमिकीकरण र लगानीका लागि आवश्यक आन्तरिक तथा बाह्य स्रोत खोज्न कानुनी व्यवस्थाका लागि यो विधेयक ल्याइएको जनाइएको छ। स्वदेशी तथा वैदेशिक लगानीलगायतका वित्तीय उपकरणको यथोचित प्रयोग, संस्थागत संरचना, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी विषयलाई समेट्ने गरी वैकल्पिक विकास वित्तसम्बन्धी कानुन आवश्यक रहेको विधेयकमा उल्लेख छ ।

"समग्र आर्थिक विकासका लागि स्रोतको प्रबन्ध गर्न ऋणपत्र, स्वपुँजी कोष र अन्य वित्तीय उपकरणमार्फत वैकल्पिक विकास वित्त परिचालन गर्नका लागि आवश्यक भएको हुँदा यो विधेयकलाई सरकारी विधेयकका रूपमा संघीय संसद्मा पेस गरिएको हो," विधेयक ल्याउनुको उद्देश्य र कारण खुलाउँदै अर्थ मन्त्रालयले भनेको छ ।

# शिक्षा मन्त्रीमा पन्त, ऊर्जा राज्यमन्त्री तामाङ बर्खास्त

झापा(प्रस)। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीमा रघुजी पन्त नियुक्त भएका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति पौडेलले पन्तलाई शिक्षामन्त्रीमा नियुक्त गरेका हुन्। संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्री ओलीले गरेको सिफारिस बमोजिम राष्ट्रपति पौडेलले पन्तलाई नियुक्त गरेका हुन्। स्वास्थ्यको कारण देखाउँदै विद्या भट्टराईले सोमबार मन्त्रीबाट राजीनामा दिएपछि प्रधानमन्त्री ओलीले पन्तलाई



उक्त जिम्मेवारी दिने तयारी गरेका थिए।

यसैबीच प्रधानमन्त्री ओलीले ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर (कान्छाराम) तामाङलाई बर्खास्त गरेका छन् । प्रधानमन्त्री ओलीविरुद्ध अभिव्यक्ति दिएको आरोपमा आफूलाई बुधबार बर्खास्त गरिएको तामाङले बताएका छन् । आफूले प्रधानमन्त्रीविरुद्ध अभिव्यक्ति नदिएको उनले बताए । नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउन नहुने भन्दै राज्यमन्त्री तामाङले असन्तुष्टि जनाउँदै आएका थिए । मन्त्रालयका सचिव सुरेश आचार्यलाई राज्यमन्त्रीले स्पष्टीकरण सोधेको भन्दै प्रधानमन्त्री ओली उनीप्रति रुष्ट बन्दै आएका थिए । राज्यमन्त्री तामाङले आफू सहभागी कार्यक्रम बहिष्कार गरेको भनी सचिव आचार्यलाई २४ घण्टे स्पष्टीकरण सोधेका थिए । उनी साउन १८ मा नियुक्त भएका थिए । कांग्रेस जिल्ला सभापतिसमेत रहेका तामाङ रामेछापबाट निर्वाचित सांसद हुन्।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, इलाम जिल्ला, देउमाई नगरपालिका वार्ड नं.-५ मा बस्ने श्री रन बहादुर लिम्बुका नाति, श्री बल बहादुर लिम्बुका छोरा, श्री प्रेम राज लिम्बुको मिति वि.सं.२०८१/११/२८ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय मंगलबारेमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती रन्जना लिम्बुले मिति वि.सं.२०८२/०१/०७ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्याद भित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np



## आगलागीबारे चनाखो बनौ

- खाना पकाइसकेपछि आगो, ग्याँस, चुल्हो, स्टोभ वा हिटर निभाऔं,
- सिलिन्डरको रेगुलटर, पाइप, चुल्होबाट ग्याँस चुहावट (लिक) भएको छ/छैन, ख्याल गरौं,
- पेट्रोललगायत प्रज्वलनशील पदार्थको गन्ध आए वेवास्ता नगरौ,
- सलाई, लाइटरजस्ता वस्तु वालवालिकाले भेट्टाउने ठाउँमा नराखौं,
- गोठमा कुँडो पकाइसकेपछि राम्ररी आगो निभाऔं। जथाभावी आगो नवालौं,
- चुरोट, तमाखु, चिलिम, हुक्का र सुल्फा नखाऔं,
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ्गको नियमित जाँच गरौं,
- घरबस्तीनजिकै पोखरी, ट्याङ्की वा अरू कुनै तरिकाले पानीको जोहो गरौं,
- आगलागी भएमा स्थानीय तह, प्रहरी कार्यालय, दमकल, स्थानीय प्रशासन कार्यालयमा खबर गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड


# सरकारले बैशाख १९ गते नीति तथा कार्यक्रम ल्याउने



झापा(प्रस)। सरकारले आगामी वर्षको नीति तथा कार्यक्रम बैशाख १९ गते ल्याउने भएको छ। बुधबार सिंहदरबारमा सभामुख देवराज घिमिरे र प्रमुख सचेतकसँग छलफलपश्चात् एमालेका प्रमुख सचेतक महेश बर्तौलाले बैशाख १९ गते सरकारले नीति तथा कार्यक्रम पेश गर्ने गरी प्रतिनिधि सभा क्यालेन्डरको मस्यौदा तयार भएको जानकारी दिए।

बर्तौलाले विद्यालय शिक्षा विधेयकमा सदन पेश हुनेबित्तिकै पारित गर्ने विषयमा सहमति भएको जानकारी दिए। बर्तौलाका अनुसार वैशाख १२ गते बस्ने पहिलो बैठकमा शीर्ष नेताहरुले सम्बोधन गर्ने तय भएको छ।

यसैगरी प्रतिनिधिसभाको आगामी अधिवेशनमा सार्वजनिक बिदाका दिन बाहेक अन्य सबै दिन बैठक सञ्चालन गर्नेबारे छलफल भएको छ। शनिबार र सार्वजनिक बिदा बाहेकका सबै दिन संसद सञ्चालन गर्ने प्रस्ताव गरेका थिए। सभामुख घिमिरेले पूर्वबजेट छलफल, नीति तथा कार्यक्रम, बजेट र विद्यालय शिक्षा विधेयकको चापका कारण बिदा बाहेकका सबै दिन संसद सञ्चालन गर्नुपर्ने बाध्यता रहेको बताए। त्यस्तै उनले विद्यालय शिक्षा विधेयक सदनमा आएपछि प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा समेत जोड दिए । बैठकले सभामुखको प्रस्ताव अनुमोदन गरेको छ ।

सोहीबमोजिमको क्यालेन्डरबारे वैशाख १२ गते बस्ने कार्यव्यवस्था परामर्श समितिको बैठकमा पेस हुने कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले जानकारी दिए। उनले विद्यालय शिक्षा विधेयक सदनमा पेश भए त्यसलाई पनि प्राथमिकतामा आधारमा अघि बढाउने सहमति भएको बताए। उपसमितिले वैशाख २३ सम्मको समयावधिभित्रै विद्यालय शिक्षा विधेयक प्रतिवेदन बुझाउने प्रतिबद्धता जनाएको अवस्थामा यसलाई प्राथमिकता दिने गरी संसदले तयारी गरेको नेताहरुले जनाएका छन्।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला,दमक नगरपालिका वार्ड नं.-८मा बस्ने श्री रजय बहादुर श्रेष्ठकी छोरी,श्री स्वं.धनमान श्रेष्ठकी पत्नी,श्री रत्नकुमारी श्रेष्ठको मिति वि.सं.२०८१/०१/०४गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय गौरादहमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोरा श्री रामबहादुर श्रेष्ठले मिति वि.सं. २०८२/०१/०५मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np



## बिर्तामोड नगरपालिकाको

### अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।

बिर्तामोड नगरपालिका
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल



## उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लि.

दमक–६ झापा

### ऋण चुक्ता गर्न आउने बारे सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२। ०१। १०

उपरोक्त सम्बन्धमा राष्ट्रिय युवा परिषदद्वारा सञ्चालन गरिएको आ.व २०७४/०७५ को युवा उद्यम कार्यक्रमअन्तर्गत तपशिलका युवा उद्यम समूहलाई उद्यम गर्नका लागि बिना धितो , बिना ब्याज रु ५ लाख ऋण रकम समूहले वित्तीय कारोबार गर्ने सहकारी संस्था (उद्यम विकास बचत तथा ऋण सहकारी संस्था लि. दमक –६) मार्फत उपलब्ध गराइएको र सोही सहकारीमार्फत फिर्ता गर्नु पर्ने सम्झौताअनुरुप तपशिलका समूह र समूहका सदस्यहरुबाट किस्ता बापतको रकम हालसम्म पनि फिर्ता नगरेका कारण उक्त वित्तीय संस्थाबाट प्रचलित सहकारी ऐन नियम बमोजिम कानुनी कारवाहीको प्रकृया शुरु गर्ने जानकारी भएको हुँदा यो सूचना प्राप्त भएको मितिले १५ दिनभित्र समूहको नाममा रहेको सम्पूर्ण ऋण रकम चुक्ता गरी सम्झौता बमोजिम गरिने कानुनी कारबाहीबाट सुरक्षित रहन यो सूचना प्रकाशित गरिएको छ ।

**समुहको नाम : क्रान्ती बहुउद्देश्य युवा कृषि समूह**
**ठेगाना :** हल्दीवारी २
**दर्ता नं** ९३४ **(जिल्ला कृषि विकास कार्यालय झापा)**
**दर्ता मिति :**२०७३/२/११

| क.सं | नाम | ना.नं | जारी मिति | जिल्ला | बाबु | पद |
|---|---|---|---|---|---|---|
| १ | रोशन शिवाकोटी | ३५७४५६५४ | २०६१/९/११ | झापा | पदम प्र. सिवाकोटी | अध्यक्ष |
| २ | रविन्द्र प्र. चुडाल | | | | टिका प्र.चुडाल | सचिव |
| ३ | नुमा योङहाङ | ०४.०१.६९.०३४४५ | २०६९/१३/१३ | झापा | राजेन्द्र योङहाङ | कोषाध्यक्ष |
| ४ | मनकुमारी तामाङ | ०४.०१.७०.२२५०३ | २०७१ | झापा | रुद्र ब. तामाङ | सदस्य |
| ५ | गितादेवी निरौला उप्रती | ०४३०१६/९ | २०७०/२/१२ | झापा | नारायण निरौला | सदस्य |
| ६ | गंगादेवी पौडेल | ०२०१०६६०८०४२ | २०६८/३/१९ | पाचथर | बिष्णुलाल पौडेल | सदस्य |
| ७ | सञ्जीला राई लिम्बु | ०४.०१.६९.१०६०५ | २०६९/९/१२ | झापा | मोहनविक्रम लिम्बु | सदस्य |
| ८ | भक्त ब. तामाङ | ३२४११९२ | २०५४/५/४ | झापा | भिम ब. तामाङ | सदस्य |
| ९ | भिम ब. दर्जी | ३५७४५६५६ | २०६१/९/१२ | | सुर्य ब. दर्जी | सदस्य |
| १० | सुमन न्यौपाने | ०४.०१.७१.००२९९ | २०७१/१/९ | झापा | कृष्ण प्र. न्यौपाने | सदस्य |
| ११ | भानु कन्दङ्वा | ०५२०६२/११३९१ | २०६८/२/२५ | मोरङ | लाल ब.कन्दङवा | सदस्य |
| १२ | शान्ता दर्जी | ०४३०१६/३५० | २०६३/१०/१८ | झापा | नारदमुनी दर्जी | सदस्य |


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# अब आन्दोलन सकिन्छ त ?

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीमा रघुजी पन्त नियुक्त भएका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति पौडेलले पन्तलाई शिक्षामन्त्रीमा नियुक्त गरेका हुन्। संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्री ओलीले गरेको सिफारिस बमोजिम राष्ट्रपति पौडेलले पन्तलाई नियुक्त गरेका हुन्।**

**स्वास्थ्यको कारण देखाउँदै विद्या भट्टराईले सोमबार मन्त्रीबाट राजीनामा दिएपछि प्रधानमन्त्री ओलीले पन्तलाई उक्त जिम्मेवारी दिने तयारी गरेका थिए। २२ दिनदेखि शिक्षकहरु सडक आन्दोलनमा छन् । विद्यालय भर्ना, पठनपाठन, परीक्षा र उत्तरपुस्तिका परीक्षण लगायत शैक्षिक गतिविधि ठप्प छ । त्रिभुवन विश्वविद्यालय एक सातायता निमित्त कुलपतिको काँधमा छ । यही बेला ६७ वर्षीय एमालेका समानुपातिक सांसद रघुजी पन्तको काँधमा शिक्षा मन्त्रीको जिम्मेवारी आइपरेको छ ।**

**पञ्चायतकालीन समयमा वामपन्थी धारको पत्रकारितामा सक्रिय पन्त यस्तो बेला शिक्षामन्त्री भएका छन्, उनको सामुन्नेमै समस्याको चाङ लागेको छ । अनि यो समस्याको केन्द्रमा शिक्षा मन्त्रालय मात्रै नभएर संसद्, अर्थमन्त्रालयदेखि प्रधानमन्त्री कार्यालयसम्म जोडिएको छ । अब मन्त्री पन्तले यी निकायहरुसँग कसरी समन्वय गर्छन् र निष्कर्षमा पुग्छन् त्यो हेर्ने यात्रा अब सुरु भएको छ ।**

**प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिका सदस्य समेत रहेको पन्त सोमबार मात्रै आफ्नो अभिव्यक्तिका कारण चर्चा र आलोचनामा तानिएका थिए । उनले राज्यव्यवस्था समितिमा विधेयकमाथि हुने दफावार छलफलमा रिपोर्टिङ गर्न आउने पत्रकारहरुलाई प्रतिबन्ध लगाउने अभिव्यक्ति दिएका थिए । त्यसो त तिखो अभिव्यक्तिका कारण उनी बारम्बार चर्चामा आइरहन्छन् ।**

**२०३२ सालदेखि पत्रकारिता सँगसँगै राजनीतिमा पनि रहेका पन्त २०५१ र २०५६ सालमा ललितपुर क्षेत्र नम्बर ३ बाट प्रतिनिधि सभामा निर्वाचित भएर सांसद बनेका थिए । २०५२ सालमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको प्रेस सल्लाहकार नियुक्त भएका उनी २०५४ देखि २०६५ सम्म एमाले केन्द्रीय सदस्य थिए । २०६१ सालमा भने उनी श्रम तथा यातायात व्यवस्था मन्त्री भएका थिए ।**

**हाल एमालेको स्थायी कमिटी सदस्य रहेका उनी एमालेको दसौं महाधिवेशनबाट स्थायी कमिटी सदस्यमा चयन भएका थिए । लामो राजनीतिक यात्राका कारण उनको व्यक्तित्वको आफ्नै लय त बनेको छ तर यो लयले यसपाला समस्याको निकास निकाल्न सक्छ कि सक्दैन भन्ने कुरा भने उनले कति समन्वयकारी भूमिका खेल्छन् भन्नेमै भर पर्नेछ ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# आर्थिक विकासका लागि व्यापार



• भुदेव झा

मुलुकको आर्थिक विकासका लागि व्यापारको महत्वपूर्ण भूमिका हुन्छ। नेपालको संविधानको धारा ५१ (घ) अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिमा तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र स्रोतसाधनको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सिप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने, राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने, औद्योगिक कोरिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तरप्रदेश तथा प्रदेश र सङ्घबिच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने उल्लेख गरिएको छ।

साथै अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने, राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवं परिचालन गर्ने सम्बन्धमा नीतिले मुलुकको समग्र उद्योग तथा वाणिज्य प्रतिको दृष्टिकोण प्रस्ट पारेको छ । त्यसै गरी प्रधानमन्त्रीको अध्यक्षतामा सार्वजनिक-निजी क्षेत्रबिच नियमित संवाद गरी आर्थिक विकासमा सहयोग पुऱ्याउन निजी क्षेत्रसहितको उच्चस्तरीय उद्योग वाणिज्य प्रवर्धन संवाद् परिषद् सञ्चालनमा रहेको छ। सोह्रौँ योजना (२०८१/८२-२०८५/८६) ले २०७९/८० को १:१०.३ अवस्थाबाट निर्यात/आयात अनुपातलाई २०८५/८६ मा १:८.५ मा झार्ने लक्ष्य राखेको छ। आर्थिक वर्ष २०८०/८१ मा आयाततर्फ करिब १५ खर्ब ९३ अर्ब रुपियाँ हुँदा निर्यात एक खर्ब ५२ अर्ब रुपियाँमा सीमित छ । आयात निर्यातको यस्तो असन्तुलनले मुलुकको समग्र अर्थतन्त्रमा स्वाभाविक असर पर्छ। नेपालको निर्यात अत्यधिक निर्भरता सीमित मुलुकमा छ । व्यापार तथा आर्थिक विकासका लागि नेपालको संविधानले अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिमार्फत मार्गदर्शन प्रदान गरेको छ । आव २०८०/८१ मा आयात १.२ प्रतिशतले र निर्यात ३.० प्रतिशतले घटेको छ । अघिल्लो वर्ष आयात १६.१ प्रतिशतले र निर्यात २१.४ प्रतिशतले घटेको थियो। आयात निर्यातको यस्तो असन्तुलनले मुलुकको समग्र अर्थतन्त्रलाई प्रभावित गरेको छ। व्यापार एक बहुआयामिक विषय भएकाले व्यापार घाटा न्यूनीकरण गर्न निजी क्षेत्रलगायत सबै सरोकारवालाको सार्थक सहभागिता एवं सहयोगको आवश्यकता छ। मुलुकको वैदेशिक व्यापारको समग्र स्थितिको मूल्याङ्कनसहित उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा नेपाल व्यापार एकीकृत रणनीति, २०८० (२०७९/८०-२०८४/८५) तयार पारिएको छ । अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको निर्बाध पहुँचका निम्ति नेपालले सन् २००४ मा विश्व व्यापार सङ्गठनको सदस्यता लिनुका साथै दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा), बिप्पा सम्झौता, पारवहन सम्झौता र भारतसँग दोहोरो करमुक्ति सम्झौतालगायत थुप्रै क्षेत्रीय तथा द्विपक्षीय व्यापार सम्झौतासँग आबद्धता जनाएको छ। यद्यपि हामी आफ्नै कारणले सम्झौता अनुसारको लाभ लिन भने सकिरहेका छैनौँ ।

सार्वजनिक तथा निजी क्षेत्रबिच नियमित संवाद र सहकार्य गर्ने, व्यावसायिक वातावरण सहजीकरण गर्ने, मुलुकमा लगानी प्रवर्धन गरी रोजगारीका अवसर सिर्जना गर्ने र आर्थिक विकासमा योगदान पुऱ्याउने उद्देश्यसहित नेपाल सरकार मन्त्रीपरिषद्बाट उद्योग वाणिज्य प्रवर्धन संवाद परिषद् गठन आदेश २०७५ स्वीकृत भएको हो । प्रधानमन्त्रीको अध्यक्षतामा निजी क्षेत्रसहितको उच्चस्तरीय परिषद्मा अर्थमन्त्री, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री र संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल सरकारका मुख्यसचिव, नेपाल राष्ट्र बैङ्कका गभर्नर र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका विकास व्यवस्थापन क्षेत्र हेर्ने सचिव रहने व्यवस्था छ । साथै प्रधानमन्त्री एवं परिषद्का अध्यक्षबाट निजी क्षेत्रका लगानी, उत्पादन, रोजगारी, निर्माण, निर्यात, स्टार्ट अप तथा नव प्रवर्तन व्यवसाय, पुँजी बजार, वित्त, युवा उद्यमी, सेवा उद्योग, पर्यटन व्यवसाय, स्वास्थ्य तथा औषधी, कृषि, लघु तथा साना उद्यमलगायतका क्षेत्रका व्यवसायी मध्येबाट २५ जना सदस्य मनोनित हुने प्रावधान छ । त्यसै गरी निजी क्षेत्रका छाता सङ्गठनका अध्यक्ष पदेन सदस्यको रूपमा मनोनीत हुने व्यवस्थासमेत छ ।

परिषद्ले मुलुकको आर्थिक विकाससम्बन्धी समष्टिगत र क्षेत्रगत नीति तथा सैद्धान्तिक विषयमा गर्नुपर्ने सुधार, प्रभावकारी सार्वजनिक निजी संवाद र सहकार्यका लागि संस्थागत तथा व्यवस्थापकीय विषयमा सुधारका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्छ । साथै देशको औद्योगिक, आर्थिक, मौद्रिक, वाणिज्य, निकासी तथा पैठारी र संस्थागत सुशासन (कर्पोरेट गभर्नेन्स) का क्षेत्रमा नीतिगत सुधार, औद्योगिक तथा श्रम सम्बन्धका विषयमा नीतिगत सुधार र उद्योग वाणिज्य क्षेत्रको प्रवर्धनका लागि गर्नुपर्ने अन्य नीतिगत सुधारका लागि समेत नेपाल सरकारसमक्ष सिफारिस गर्ने व्यवस्था छ। त्यसै गरी मुलुकमा व्यावसायिक लगानीका लागि सबल र सहयोगी वातावरण निर्माणसहित समन्वय र सामञ्जस्य कायम गर्ने कार्य पनि परिषद्लाई तोकिएको छ ।

यद्यपि उद्योग वाणिज्य प्रवर्धन संवाद परिषद् जुन उद्देश्य तथा काम, कर्तव्य र अधिकारका लागि गठन भएको थियो सो अनुरूप अपेक्षाकृत रूपमा परिषद् सक्रिय हुन सकेको छैन । परिषद्को ठुलो संरचना, सदस्यको विविधीकरणले भेला हुने समय निर्धारण एवं परिषद्को स्थायी सचिवालयको व्यवस्था नभएका कारणले परिषद् सक्रिय रूपमा कार्य गर्न सकेको छैन । हालै नेपाल सरकारले व्यवसायमैत्री वातावरण बनाउँदै अर्थतन्त्रलाई गतिशील बनाउन २९ वटा ऐनमा अध्यादेशमार्फत संशोधन गरेको छ । जसमा आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी १२ वटा कानुन रहेका छन् । नेपाल सरकारबाट अध्यादेशमार्फत भएका कानुनी सुधारलाई सदुपयोग गर्दै आर्थिक विकासलाई टेवा दिन परिषद् सक्रिय भई कार्यसञ्चालन गर्न ढिलो भइसकेको छ । परिषद्लाई सक्रिय बनाउन सानो संख्यामा कार्यात्मक समूह गठन गरी मुलुकमा व्यावसायिक लगानीका वातावरण निर्माण गर्नु पर्छ । यसका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा क्रियाशील संयन्त्र निर्माण गरी परिषद्लाई अझ प्रभावकारी बनाउन सकिन्छ ।

**परिषद्को आगामी कार्यदिशा**

स्वदेशी उत्पादनमा आत्मनिर्भर हुँदै निकासी प्रवर्धन गर्न परिषद्ले ठोस कार्ययोजना निर्माण गरी मुलुकलाई मार्गचित्र दिन सक्नु पर्छ । आर्थिक विकासका लागि सार्वजनिक निजी साझेदारीमा सहलगानी तथा सहकार्य, लगानी विस्तार, रोजगारी सिर्जना, उत्पादन तथा उत्पादत्व वृद्धि र गुणस्तर सुधारमा सरकारी र निजी क्षेत्रबाट पहलकदमी लिन वस्तुगत आधार तय गर्न परिषद् सक्रिय हुनु पर्छ । राष्ट्रिय प्राथमिकतामा रहेका उत्पादनशील तथा रोजगारीमूलक क्षेत्रमा निजी लगानी प्रवर्धन, नवप्रवर्तन, स्टार्टअप, सूचना प्रविधि जस्ता क्षेत्रहरूको विकास र विस्तारमा परिषद्ले सरकारलाई सकारात्मक वातावरण निर्माण गर्नमा सघाउनु पर्छ । उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि नवीनतम प्रविधिको प्रयोग र सिप तथा क्षमता विकाससँगै निर्यातजन्य उद्योगहरूको स्थापनामा परिषद्ले समन्वयात्मक भूमिका निर्वाह गर्नु पर्छ। नेपालको तुलनात्मक लाभ भएका र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाहरूको उत्पादन, उत्पादकत्व तथा निर्यात वृद्धि गर्नमा परिषद्ले सहयोगी भूमिका खेल्नु पर्छ र असन्तुलित व्यापार घाटा कम गरी मुलुकको आर्थिक विकासका लागि समेत क्रियाशील रहनु पर्छ ।

# सार्वजनिक प्रशासनका चुनौती



• रिता भण्डारी

बाहिरी मुलुकसँग २००७ सालपछि जोडिन थालेको नेपाल २०६२/६३ को शान्ति प्रक्रियापछि संसारसँग झन् नजिकिएको छ । देशमा चलेको एक दशक लामो द्वन्द्व र त्यसको रूपान्तरणका लागि नेपालका सात राजनीतिक दल र तत्कालीन विद्रोही पार्टी नेकपा माओवादीको सहमतिमा चलेको शान्तिपूर्ण आन्दोलन, शान्ति सम्झौताका विभिन्न चरणदेखि अन्तरिम संविधान, अन्तरिम संसद् र संविधान सभाको चुनावका कारण नेपाल बाहिरी मुलुकसँग झन् चिनियो ।

२०७२ सालको नयाँ संविधान घोषणा, स्थानीय चुनाव र प्रदेशदेखि संघीय चुनाव र यहाँ हुने विकासको कामलाई विश्व समुदायले नजिकबाट हेरिरहेको छ । नेपालले पटक पटक अन्तर्राष्ट्रिय दिनहरूलाई समेत प्रतिविम्बित गराउने गरी पर्यावरण, तापक्रम वृद्धि, हिमनदीहरूको अवस्था र यी समस्याले विकास निर्माण र मानवजातिको दिनचर्याका बारेमा राजनीतिक, प्रशासनिक र अनुसन्धानको तहबाट पनि जानकारी दिइरहेको छ । तसर्थ आजको बदलिँदो समय र संसार म्याक्लुहानले भने जस्तै एउटा गाउँ बनेको सन्दर्भमा छिटो छरितो र भरपर्दो सार्वजनिक प्रशासनको माध्यमबाट नेपालीको विश्वास आर्जन गर्न आवश्यक छ । नेपालका सार्वजनिक संस्थाहरू २०४० को दशकदेखि एकपछि अर्को गरेर सरकारले स्वामित्व छाड्दै गएको समयमा आफ्नो उत्पादन बढाउन, रोजगारी वृद्धि गर्न र जनतालाई सरकारका काममा सहभागी गराउन सार्वजनिक प्रशासनले भूमिका खेल्नु पर्छ ।

स्थानीयदेखि केन्द्र सरकारले उपलब्धि मात्र सुनाउने र ती उपलब्धिको अपनत्व जनस्तरबाट नभएसम्म सरकार र सार्वजनिक प्रशासनले चुनौतीको सामना गरिरहनु पर्छ । राम्रो कामको मूल्याङ्न गर्ने बहानामा नराम्राले प्रश्रय पाउने र यसबाट जनताले दुःख पाउने भयो भने प्रश्न उठ्ने भनेको राजनीतिक प्रणाली र उक्त प्रणालीलाई सफल बनाउने प्रशासनिक संयन्त्रले नै हो । नेपालको पछौटेपन, बढ्दो बेरोजगारीका कारण नेपालमा चुनौती धेरै छन् र तिनीहरू विशेष परिस्थिति र प्रदेश अनुसार भिन्न पनि हुन्छन् । केही सामान्य छन् र हुन्छन् । तिनीहरू नेपालको कोशी प्रदेश, मधेश प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका मानिसहरूको रहनसहन, संस्कृति र मानिसहरूको व्यवहार र पहिचानलाई सार्वजनिक प्रशासनले बुझ्नु सान्दर्भिक देखिन्छ ।

सबैभन्दा पहिला नागरिकले आफ्नो सरकारमा रहेको थोरै मात्रको विश्वासमा चुनौती देखेका छन् । गएको तीन महिनामा सरकार बदलिँयो, मन्त्री फेरिए, ड्राइभर र सचिवालयबाहेक बाँकी फेरिएका कुरा सरकारले जनतालाई थाहा दिनु आवश्यक छ । नेपालमा चुनौती धेरै छन् तर सरकारले सार्वजनिक प्रशासनलाई जनताको पक्षमा बदल्न आवश्यक छ । सरकारले के सही छ र किन यो काम आवश्यक छ भनेर निष्पक्ष रूपमा प्रशासनिक संयन्त्रमार्फत जानाकरी दिएमा प्रशासन पनि बदलिन्छ र नागरिकमा सरकारप्रतिको विश्वास बढ्दै जान्छ । सार्वजनिक प्रशासनको विश्वासमा आएको ह्रास राजनीतिक प्रणाली र शासनमा रहेका दलहरूका लागि चुनौतीको चाङ नै हो । त्यस कारण सरकारले सरकारका कार्यक्रम र नीतिहरू व्यवस्थापन गर्ने माध्यमलाई समाज र नागरिक हितका लागि तिनीहरूको प्रभावकारी कार्यान्वयनमा सुनिश्चितता गर्नु आवश्यक छ ।

सरकारबाट शासितहरूले गम्भीर परिस्थितिमा जस्तै बाढी, तापमानका समस्यामा सरकारका सार्वजनिक संस्थामा कतिको निर्भर हुन्छन् र कसरी सरकारको समर्थन तथा विरोधका कार्यहरू सञ्चालन गर्छन् भन्ने कुरा पनि सरकारले बुझ्ने भनेको प्रशासनको माध्यामबाट नै हो र यो एक महत्वपूर्ण हुन सक्छ जब प्रस्तावित संरचनात्मक सुधारको लागि सरकारले दीर्घकालीन समर्थन लिने कुरा आउँछ त्यस बेला विशेष गरी सरकारले सार्वजनिक वस्तु र सेवाहरू समयमा दिने कुरा नै गरेको हुन्छ । सरकारले दैनिक रूपमा अन्तर्क्रिया गर्ने सार्वजनिक प्रशासन प्रणालीमा नागरिकको विश्वास बढाउन कसरी सम्भव हुन सक्छ भनेर सोचे जस्तो नगरी अबको समय भनेको छोटो अवधिमा नतिजा हासिल गर्न तयार बन्नु हो ।

नेपालमा आर्थिक सङ्कटलाई पार लगाउँदै नेपाली जनतालाई बढीभन्दा बढी लाभ र सन्तुष्टि दिने भन्ने विषयमा स्पष्ट रूपमा सरकार सरल बन्न आवश्यक छ । सार्वजनिक प्रशासनका कुरालाई राजनीतिक पार्टीको नैतिकता, आचरण र व्यवहारसँग जोडेर दक्षताका लागि दक्षता, अनावश्यक बजेट कटौती र बजेट फ्रिजको अधिक चक्रबाट देशलाई जोगाएर अर्थतन्त्रको केही हदसम्म फराकिलो नवव्यवस्थापकीय आयामका बारेमा बहस र छलफल हुने वातावरण बन्नु पर्छ ।

वैश्विक रूपमा हेर्दा क्रिस्टोफर हुड र क्रिस्टोफर पोलिटले बताउने गरेको 'कटब्याक' रणनीति मार्क ब्लिथ, डेभिड स्टकलर र सञ्जयबासुले रेखाङ्कित गरे झैँ सरकारले धेरै उच्च आर्थिक लक्ष्य हासिल गर्न सामाजिक लागतहरू बढाउन आवश्यक छ । यसका लागि फेरि अपरिहार्य मितव्ययिताको सन्दर्भमा सरकारको बजेट स्रोतहरू कसरी प्रभावकारी रूपमा लक्ष्य र उद्देश्य प्राप्त गर्न प्रभावकारी रूपमा वितरण र व्यवस्थापन गर्न सकिन्छ भनेर पनि सरकार र सार्वजनिक प्रशासनको चासो हुन आवश्यक छ । यसका लागि सरकारका दैनिक कार्य सञ्चालन गर्ने सार्वजनिक कार्यक्रमको भविष्यको दिगोपनमा पनि सार्वजनिक प्रशासनले सबै जिम्मेवारी वहन गर्न आवश्यक छ ।

वर्तमान समयको अर्को चुनौती भनेको व्यक्तिगत रूपमा चलेका संस्थाको उदयमा निहित छ । नेपालमा संवैधानिक रूपमा समाजबाद उन्मुख राज्य बनाउने भनिए पनि सार्वजनिक संस्थाहरूको आधारभूत विशेषताको ख्याल नगरी सरकारले नै सार्वजनिक संस्थालाई कमजोर बनाउँदै लगेको छ । दोस्रो विश्युद्धपछि अमेरिकामा भएका सार्वजनिक संस्थालाई कसरी बलियो र उत्तरदायी बनाउने विषयमा छलफल र अनुसन्धान भए ।

हो यो कुरा कुनै पनि राजनीतिक सम्बद्धतासँग जोडिएको हुन्छ । सन् २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालयको सार्वजनिक प्रशासन पनि राजनीतिकै कारण लथालिङ्ग भएको हो भन्ने बुझेर देशका लागि आवश्यक सुधार त्यहीँबाट गर्न आवश्यक छ । बदलिँदो समयको व्यापक प्राविधिक ज्ञान भएका व्यक्तिको नेतृत्वमा र उच्च विशिष्ट कार्यहरू सम्पन्न गर्न सक्ने नेतृत्वकर्ताको हातबाट नै सार्वजनिक प्रशासनमा सुधार आउँछ भन्ने कुरा सबैले बुझ्न आवश्यक छ । यसका लागि सरकारले संस्थागत निर्णयलाई अहिलेको राजनीतिक प्राथमिकता वा प्राथमिकताका अधिनमा रहेर गर्नु पर्छ । देशका स्वायत्त संस्थाहरूलाई संस्थागत डिजाइनको उच्च विशिष्ट रणनीतिलाई प्रयोग गर्न दिएमा मात्र जनताका खुसी र सरकारप्रतिको विश्वास लिन सकिन्छ । केही वर्षअघि नेपालीले भोग्नु परेको कहाली लाग्दो लोडसेडिङको तालिका बदलिएर नेपाल आज भारत र बङ्गलादेशमा बिजुली बेच्ने अवस्थामा पुगेको कथ्यबाट सरकार र आमनागरिकले सकारात्मक रूपबाट सोच्नु पर्छ ।

अर्को चुनौती भनेको सार्वजनिक प्रशासनको अन्तर्राष्ट्रिय आयामसँग नेपालको सार्वजनिक प्रशासन पनि सम्बन्धित छ भनेर बुझ्नु पर्छ । विश्वमा हाल ५.० को प्रशासनिक नीतिमा बहस र लागु भइसकेको समयमा हामी त्यसबाट अलग्गिन सक्दैनौँ । वर्तमान समयमा दैनिक सार्वजनिक नीतिहरूको विकासमा अन्तर्राष्ट्रिय कारकहरू धेरै महत्वपूर्ण छन् । आज सरकारहरूले सामना गर्ने धेरै जटिल समस्या स्थानीय हुँदै अन्तर्राष्ट्रिय समस्या पनि बनेका छन । तापमानको वृद्धि र हिमनदीको समस्या, जलवायु परिवर्तन, हतियारको तस्करी, बसाइँसराइ, लागुपदार्थको तस्करी र रोगको प्रकोप, गरिबी यस्तै उदाहरण हुन् । यी परिस्थितिसँग जुध्न सरकारले समन्वित बनेर अन्तर्राष्ट्रिय क्षेत्रसँग कार्य गर्नु पर्छ ।

यसबाहेक, धेरै धेरै विविध सार्वजनिक नीति क्षेत्रहरूमा, संस्थागत परिवर्तनको गतिशीलता राष्ट्रिय वार्ताको तुलनामा अन्तर्राष्ट्रिय अन्तरनिर्भरतासँग बढी जोडिएको देखिन्छ ।

आर्थिक उदारीकरणको प्रक्रिया, मानव अधिकार संस्थाको निर्माण, सार्वजनिक नियुक्तिमा लैङ्गिक सन्तुलनका लागि मापदण्डहरू, समावेशिताको पक्षसहित अन्य धेरै घटनाक्रमले नीति प्रसार र स्थानान्तरणको अन्तर्राष्ट्रिय ढाँचाको केन्द्रीयतालाई प्रस्टाउने गरेको पाइन्छ । शिक्षा र भ्रष्टाचारविरुद्धको लडाइँ जस्ता क्षेत्रमा अन्य देशको नीतिगत अनुभवबाट सिक्न सक्षम प्रशासनको निर्माण हुन आवश्यक छ ।

कुनै पनि देशको सरकारले हाल सामना गरिरहेको राजनीतिक प्रशासनिक चुनौती यहाँ विश्लेषण गरिएभन्दा बाहिरका हुँदै होइन । यद्यपि यहाँ पहिचान गरिएका चार क्षेत्र र हाम्रो देशको सार्वजनिक प्रशासनको प्रकारको बारेमा समृद्ध, र छलफललाई जीवन्त बनाउनका लागि सरकारले २१ औँ शताब्दीका चुनौतीहरू सामना गर्न आवश्यक छ ।

# टाउको र घाँटीको क्यान्सरको सुरुवाती संकेतहरू



• डा. स्मिता कुमारी

**तपाईंले ध्यान दिनुपर्ने कुरा**

ICMR को रिपोर्ट अनुसार, टाउको र घाँटीको क्यान्सर (Head and Neck Cancer-HNC) सबै क्यान्सर केसहरूको करिब ३० प्रतिशत हिस्सा ओगट्ने सबैभन्दा सामान्य क्यान्सरमध्ये एक हो । यसले मुख, घाँटी, साइनस, थुक ग्रन्थीहरू, टाउको र घाँटीका क्षेत्रहरूमा हुने क्यान्सरको समूहलाई जनाउँछ । टाउको र घाँटीको क्यान्सर प्रायः स्क्वामस कोशिकाबाट सुरु हुन्छ, जुन कोशिका मुख, घाँटी, र स्वर पेटी लगायत विभिन्न अंगहरूको अस्तरमा पाइन्छ । यद्यपी, यो क्यान्सर थुक ग्रन्थीहरू, साइनस, वा टाउको र घाँटीको मांसपेशी वा स्नायुहरूमा पनि विकास हुन सक्छ ।

धेरैजसो अवस्थामा जीवनशैली सम्बन्धी कारणहरूले टाउको र घाँटीको क्यान्सर विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । धूम्रपान, अत्यधिक मदिरा सेवन, HPV संक्रमण र अत्यधिक घामको किरणमा पर्ने मुख्य जोखिम तत्वहरू हुन् । त्यसैले प्रारम्भिक निदान अत्यन्तै महत्वपूर्ण हुन्छ–यसले बाँच्ने सम्भावना र निको हुने सम्भावनालाई निकै बढाउँछ । क्यान्सरको सुरुवाती चरणमै पत्ता लगाउँदा उपचार धेरै प्रभावकारी हुन्छ ।

चिन्हहरू र लक्षणहरूलाई चिन्नु महत्वपूर्ण हुन्छ ताकी समयमै क्यान्सर पत्ता लगाउन सकियोस् ।

**यहाँ केही महत्वपूर्ण लक्षणहरू दिइएको छः**

लगातार घाँटी दुख्ने र स्वर बसेको महसुस हुनुः यदि तपाईंलाई लामो समयदेखि घाँटी दुखिरहेको छ वा स्वर बसिरहेको छ भने, त्यो सामान्य रुघाखोकी मात्र नहुन सक्छ । टाउको, जबडा वा मुखमा देखिने गाठोहरू जो हराउँदैनन्, त्यस्ता संकेतहरू गम्भीर हुन सक्छन् । दुई हप्ताभन्दा बढी समयसम्म सुन्निएको लिम्फ नोडहरू देखिएको खण्डमा तुरुन्तै डाक्टरसँग परामर्श गर्नुहोस् ।

**अज्ञात गाठो वा सुन्निनुः**

निल्न गाह्रो हुनु वा घाँटीमा केही अड्किएको महसुस हुनु, यो घाँटी वा इसोफेगसको क्यान्सरको संकेत हुन सक्छ । यस्तो लक्षण देखिएमा तुरुन्तै स्वास्थ्य परीक्षण गराउनु आवश्यक छ ।

**कान दुख्ने र सुनाइ कम हुनुः**

विशेष गरी एउटै कानमा निरन्तर दुखाइ हुनु वा सुनाइमा कमी हुनु नासोफ्यारिन्जियल क्यान्सरको लक्षण हुन सक्छ । कान दुखाइ घट्नुको सट्टा बढ्दै गएमा तुरुन्तै डाक्टरलाई देखाउनुहोस् ।

**बिना कारण तौल घट्नुः**

यदि तपाईंको खानपान र शारीरिक गतिविधिमा परिवर्तन नगरी तौल घटिरहेको छ भने, त्यो गम्भीर समस्याको संकेत हुन सक्छ । साथै, बारम्बार नाकबाट रगत आउनु वा निको नहुने साइनस संक्रमण हुनु पनि चिन्ताको विषय हुन सक्छ ।

**मुख वा घाँटीमा सेतो वा रातो दाग देखिनुः**

यी सेतो दागलाई ल्यूकोप्लाकिया र रातो दागलाई एरिथ्रोप्लाकिया भनिन्छ, जुन जीउ, ओठ, गिजा वा मुखको भित्तामा देखिन सक्छ । नाक बन्द हुनु र पुरानो साइनस समस्याः

लगातार नाक बन्द हुने वा पुरानो साइनसको समस्या हुनु एलर्जी मात्र नभएर गम्भीर रोगको संकेत हुन सक्छ । यदि यसका साथै तौल पनि घटिरहेको छ भने, तुरुन्तै स्वास्थ्य जाँच गराउनुहोस् ।

यदि तपाईंमा लगातार घाँटी दुख्ने, निल्न गाह्रो हुने, मुखमा गाठो देखिने वा निको नहुने घाउ हुनेजस्ता लक्षणहरू देखिएका छन् भने, विलम्ब नगरी तुरुन्तै डाक्टरको सल्लाह लिनुहोस् । प्रारम्भिक चरणमा क्यान्सर पत्ता लागेमा शल्यक्रिया, रेडिएसन थेरापीजस्ता उपचारहरू प्रभावकारी हुन्छन्, जसले ट्युमर हटाउन वा सानो बनाउन सहयोग पुर्याउँछ । साथै, हालसालै विकास भएका लक्षित उपचार (targeted therapy) र इम्यूनोथेरापीहरूले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाई क्यान्सरसँग लड्न सहयोग गरिरहेका छन् ।

यसरी लक्षणहरूको बेवास्ता गर्नुले उपचारमा ढिलाइ गराउँछ, त्यसैले कहिले पनि पर्खनु हुँदैन । प्रारम्भिक उपचारले रिकभरीको सम्भावना धेरै नै बढाउँछ ।

**निष्कर्षः**

टाउको र घाँटीको क्यान्सरको प्रारम्भिक पहिचानले उपचारको परिणामलाई धेरै राम्रो बनाउँछ । जति छिटो क्यान्सर पत्ता लाग्छ, उत्तिकै धेरै उपचार विकल्पहरू उपलब्ध हुन्छन् र निको हुने सम्भावना पनि बढ्छ । इम्यूनोथेरापी तथा अन्य नयाँ प्रविधिहरूले अब यो रोगसँग लड्न नयाँ आशा देखाएका छन् ।

*(लेखक हेल्थ सिटी अस्पताल, गुवाहाटीको मेडिकल अन्कोलोजी विभागका कन्सल्टेन्ट हुन् )*

# राजपत्र अनंकित कर्मचारीले गरे आन्दोलनको घोषणा

झापा(प्रस) । प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट संघीय निजामती सेवा विधेयकमा सहमति जुटाएर पास गर्ने तयारी भइरहेका बेला राजपत्र अनंकित कर्मचारीहरूले आन्दोलनको घोषणा गरेका छन्।

निजामती सेवामा राजपत्र अनङ्कित कर्मचारी संरक्षण अभियानका संयोजक ध्रुवराज ज्ञवालीसहितले बुधबार विज्ञप्ति निकालेर आफूहरूले उठाएका माग पूरा नभए सेवा प्रवाह रोक्ने चेतावनीसहित आन्दोलनको घोषणा गरेका हुन्।
१८/२० वर्षसम्म बढुवा नहुँदा एउटै पदमा काम गर्नुपर्ने अवस्था, कमजोर सेवाको सुरक्षा, आन्तरिक प्रतिस्पर्धामा विभेद, समायोजनबाट सिर्जित समस्या, अन्तरप्रदेश सरूवाको अभाव/अपारदर्शी सरूवा प्रणाली तथा न्यून सेवा सुविधा



लगायतका कारण कर्मचारीहरूको मनोबल कमजोर भएको उनीहरूको भनाइ छ।
यी समस्याको समाधान हुने गरी यथाशीघ्र संघीय निजामती सेवा ऐन जारी गर्न आवश्यक रहेको कर्मचारीहरूले बताएका छन्।
राजपत्र अनंकित कर्मचारी संरक्षण अभियानले तीनै तहका कर्मचारीका विभिन्न माग राखेर आन्दोलन गर्दै आएको छ ।अभियानले विचाराधीन संघीय निजामती सेवा विधेयकमा पाँच वर्ष सेवाअवधि पूरा गरेका कर्मचारीलाई एक तह र १० वर्ष सेवा गरेका कर्मचारीलाई एक श्रेणी वा दुई तह बढुवाको व्यवस्था गर्नुपर्ने, सबै तहमा आन्तरिक प्रतिस्पर्धाको व्यवस्था कायम गरी अन्य पदमा रहेको साविक नि.से. ऐन, २०४९ बमोजिमको पदपूर्तिको व्यवस्था कायम गर्दै रा.प. तृतीय श्रेणीको पदपूर्तिमा खुला प्रतियोगिताबाट ५० प्रतिशत, बढुवाबाट ४० प्रतिशत र आन्तरिक/अन्तरतह प्रतियोगिताबाट १० प्रतिशत कायम गर्नुपर्ने माग राखेका छन्।

# झापा-१ का योजनाहरु समावेश गर्न प्रधानमन्त्रीको निर्देशन

मेचीनगर(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओलीले आगामी बजेटमा झापा क्षेत्र नं.१ का योजनाहरु समावेश गर्न सम्बन्धित मन्त्रालयका मन्त्रीहरुलाई निर्देशन दिएका छन् ।
प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष समेत रहेका ओलीले बागमती प्रदेशका पूर्व प्रदेश प्रमुख विष्णु प्रसाईको नेतृत्वमा गएको टोलीलाई यस्तो कुरा बताएका हुन् ।
मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले प्रधानमन्त्री ओलीलाई आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि झापा क्षेत्र नं.१ का विभिन्न योजनाहरु समावेश गरिदिन अनुरोध गरिएको बताए ।
प्रधानमन्त्री ओलीले निजी सचिवालयलाई झापा क्षेत्र नं.१ का योजनाहरु सम्बन्धित मन्त्रालयका मन्त्रीहरुलाई आवश्यक व्यवस्थापन गर्न भनेर निर्देशन दिएको नगरप्रमुख बुढाथोकीको भनाई छ ।
उनका अनुसार धुलाबारीस्थित राधास्वामी हुँदै लिलावस्तीको टिमाई पुल, खारखोलाले बगाएको पुलसहित भावना चोकदेखि सेलिङ्टारसम्मको निर्वाचन क्षेत्र रणनीतिक सडक जुन



यसअघि प्रधानमन्त्रीकै निर्देशनमा १० किलोमिटर सडक सम्पन्न भएको छ ।
हाल राधास्वामीदेखि टिमाई उत्तरतर्फको साढे ५ किलोमिटर र बाँकी ३ किलोमिटर सडक निर्माणका लागि योजनामा समावेश गरिएको छ ।
त्यस्तै भुकुटीको भावना चोकसम्मको मोटरेवल पुल, मेचीनगर-१५ स्थित चौधरी चोक पारी हेल्दुवाडी जोड्ने निन्दा खोलाको पुल, मेचीनगर-११ स्थित कालिका सामुदायिक वनबाट वडा कार्यालय जाने हडिया खोलाको झापा मार्गको मोटरेवल पुल, मेचीनगर-१ स्थित मदन भण्डारी मार्गसँग जोडिएको तिरिङ खोलाको पुल योजनामा रहेका छन् ।
नगरप्रमुख बुढाथोकीले नकलबन्दा चिया वगानभित्र सरकारी स्वामित्वमा रहेको जग्गा जुन नगरपालिकाले केहि महिनाअघि डोजर लगाएर भत्काएको ठाउँमा पर्यटन विकास पार्क निर्माण गर्न बजेट माग गरिएको बताए ।
यस्तै काँकरभिट्टाको एशियन हाइवेसँग जाडिएको बसपार्कदेखि सतिघट्टा जाने बाटोमा ओभरपास अण्डर ग्राउण्ड ब्रिजको माग, काँकरभिट्टामा बहुउद्देश्यको बहुतले बसपार्क, कृष्णथुम्की पर्यटन विकास, तेलीबाडी-मैनालीबारी टिकापुरबाट बाँसबारीसम्मको सडक विस्तार, फोहोरमैला व्यवस्थापन, कृषिमा अर्गानिक खेती, शहरी विकासका लागि विभिन्न सडक लगायतका मागहरु योजनाका रुपमा प्रस्ताव पेश गरिएको उनले जानकारी दिए ।
टोलीमा बागमती प्रदेशका पूर्व प्रदेश प्रमुख प्रसाई, नगरप्रमुख बुढाथोकी, उपप्रमुख मीना पोखरेल उप्रेती, नगरपालिकाका प्रवक्ता एवम् वडा नं.२ का वडाध्यक्ष दिपक बराल, एमाले मेचीनगर अध्यक्ष राजु कार्की, नगरपालिका युवा परिषद्का संयोजक कृष्ण काफ्लेलगायतको उपस्थिति रहेको थियो ।
यसैगरी टोलीले मंगलबार उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेल, उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री प्रकाशमान सिंह, भौतिक पूर्वाधार मन्त्री देवेन्द्र दाहाललगायतलाई भेटेर योजनाहरुका लागि बजेट माग गरेको थियो ।
सो टोलीमा झापा क्षेत्र नं.१ का सांसद विश्वप्रकाश शर्मा, कोशी प्रदेशका पूर्व सांसद श्रीप्रसाद मैनाली, निवर्तमान नगरप्रमुख विमल आचार्यलगायत रहेका थिए ।

# ५ लाख बढीको अबैध सामान नियन्त्रणमा

झापा(प्रस)। झापाको बुद्धशान्तिबाट ५ लाख बढीको अबैध सामान प्रहरीले नियन्त्रणमा लिएको छ ।
मंगलवार साँझ अन्दाजी ७:३० बजे बुद्धशान्ति गाउँपालिका वडा नं. -४ बर्ने चिया बगानस्थित मेची राजमार्गमा बिभिन्न सवारी साधनहरु चेकजाँच गर्ने क्रममा ताप्लेजुङबाट बिर्तामोडतर्फ



आउँदै गरेको प्र.१-०१-००१ ज. ३४४९ नम्बरको यात्रुबाहक बोलेरो गाडीलाई चेकजाँच गर्दा बिलबिना अबैध रुपमा ल्याएको अन्दाजी ५ लाख ३४ हजार ७४५ बराबरको विभिन्न कस्मेटिक सामानहरु फेला परेको थियो । ती सामानहरु नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बुधबारेमा राखिएको छ ।

**रेडियोकर्मी...**

जिम्मेवारी पुरा गरे । पार्टीका दस्तावेजहरुलाई कार्वन राखेर लेख्दैं समाचार र सूचना सवैतिर पुर्याए । नेपाल पत्रकार महासंघको सदस्यता प्राप्त गरे । तर, महासंघले मलाई चुनावताका मुख्य निर्वाचन अधिकृत बाहेक केहीमा सम्झिएको छैन ।' पत्रकार महासंघले निर्वाचनमा मात्रै मलाई बोलाउने अन्य कार्यक्रमहरुमा वास्ता नगर्ने गरेकाले उनको चित्त दुखेको रहेछ । यस कार्यक्रममा उभिएर आफ्नो अनुभव साटासाट गर्न पाउँदा निक्कै खुशी थिए उनी ।

उसवेलादेखि अहिलेसम्म आफू जुन-जुन ठाउँमा जे जे भूमिकामा रहेपनि रेडियो कार्यक्रमले आफूलाई सवै सामु चिनाएको र परिचय नै फराकिलो बनाईदिएको चाँहि गर्वका साथ भने । 'आज मेरो रेडियो छैन तर कार्यक्रमको चर्चा सवैतिर छ, सवैले भन्छन् कार्यक्रम लोकप्रिय पनि छ, कति राम्रो भन्दैं गुनगान गाउँछन् र सवैले मलाई प्रश्न तेर्स्याउँछन् रेडियो अब कहिलेदेखि बज्न थाल्छ ।' यो प्रश्नले उनलाई कता कता पोल्दो रहेछ । रेडियोका प्रवन्ध निर्देशक चन्द्र भण्डारीको भनाई सापटी लिएर श्रोताहरुलाई भन्ने रेडिमेट जवाफ चाँहि उनको पनि एकसातादेखि नै भन्ने रहेछ । झापाको शान्तिनगर क्षेत्र, प्राध्यापन पेशा र मिडिया क्षेत्रसँग जोडिएको विषयहरुलाई सारमा राखेका खतिवडाले दुई वर्षदेखि समवेदनाहरु प्रशारण गर्न नपाएकोमा दुःख व्यक्त गरे । उनले समवेदना कार्यक्रमकै कारण सामाजिक रुपमा सम्बन्धहरु विस्तार भएको, मानसम्मान पाएको बताए । मिडिया क्षेत्रमा मेहनत र लगनशिलताको आवश्यकता भएको बताउँदै नयाँ पुस्ताहरुले मिडियामार्फत समाजलाई योगदान गर्न आएकोमा धन्यवाद समेत व्यक्त गरे ।

' प्रवन्ध निर्देशक चन्द्रजी रेडियो एकसाताबाट बज्छ भन्नुहुन्छ, हामी पनि सोध्नेलाई यहि भन्छौ ' उनले भने– 'चन्द्रजीको एकसाता कहिल्यै पनि नआउने रहेछ भनेर अहिले चाँहि सोध्ने जतिलाई म भन्छु अब कञ्चनजंघा एफएम बज्दैंन होला , चन्द्रजी भन्नुहुन्छ एक सातापछि बज्छ , म भन्छु बज्दैंन् । ' अग्रज सञ्चारकर्मी चन्द्र भण्डारीको प्रशंसा चाँहि खतिवडाले राम्रैसँग गरे । यसकारण पनि आफूले सक्रिय रुपमा पत्रकारिता नगरे पनि धेरै अगाडीदेखि सञ्चारक्षेत्रमा जोडिएको खुलाए । उनले एउटा समवेदना बाचकका रुपमा परिचित भएको र त्यसबाटै आफूलाई धेरैले चिन्ने गरेको बताए । शिरो सान्दाईले पत्रकारितासहित आफूले जीवनमा भोगेका अनुभव सञ्चारकर्मीहरुमाझ प्रस्तुत गरिरहदा कार्यक्रम स्थल प्रेस चौतारी नेपाल झापा शाखाको सभाहल सुनसान थियो । खासखुस कहि कतै भएन , सवैजना मन्त्रमुग्धका साथ उनको कुरा सुनिरहे र मुन्टो हल्लाई रहे । शिरो सान्दाईले पत्रकारितासहित आफूले जीवनमा भोगेका अनुभव सञ्चारकर्मीहरुमाझ प्रस्तुत गरेका थिए । उनी भन्दैं थिए' म उमेर र अनुभवका कारण अग्रज पत्रकार भए होला तथा पत्रकारितामा चाँहि अरु थुप्रैले जति संघर्ष गर्नुभयो मैले चाँहि गरेको छैन म उहाँहरुप्रति सम्मान व्यक्त गर्दछु ।'

यसैक्रममा उपस्थित पत्रकारहरुले जिज्ञाशासमेत राखेका थिए । प्रेस चौतारी झापाका अध्यक्ष प्रदीप परियारको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत तथा कार्यक्रमको औचित्यमाथि प्रकाश उनैले पारेका थिए । उनले झापाका अग्रज पत्रकारहरुसँग चौतारीले 'अग्रजलाई सुनौं कार्यक्रम' लाई निरन्तरता दिने बताए ।

कार्यक्रममा प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य शम्भु दाहाल, कोशीका कोषाध्यक्ष बिशाल नेम्वाङ, सचिव लक्ष्मी उप्रेती, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष सुब्रत न्यौपाने, अग्रज पत्रकार मोहनकाजी न्यौपाने, प्रेस चौतारी उपचार कोषकी संयोजक भीमा शिवाकोटी, प्रेस चौतारीका झापा इन्चार्ज मनकुमार गदालगायत सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन प्रेस चौतारीका झापा सचिव युवराज आचार्यले गरेका थिए ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्कः**
**फोनः ०२३-५४०४७८**
**मोः ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६९३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आईः ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

मेष — आज सांस्कृतिक कार्यक्रममा सहभागिता भइनेछ ।
वृष — नोकरीबाट मानसम्मान मिल्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।
मिथुन — आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।
कर्कट — धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।
सिंह — आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।
कन्या — चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।
तुला — आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।
वृश्चिक — पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।
धनु — आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।
मकर — आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।
कुम्भ — मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।
मिन — रमणीय र सुखद् यात्राको योग छन् । आत्मबल र हिम्मत पनि बढ्नेछ ।